आ व २०८१।०८२
बैठकः गाउँ कार्यपालिका बैठक
अध्यक्षताः गाउँपालिका अध्यक्ष सेनाङ गुरुङ

बैठक नं ०५।०८१।०८२
मितिः २०८१।०८।०८
स्थानः छा. ता. गा. पा. सभाहल
समयः विहान ८:१५ बजे

छार्का ताङसोङ गाउँ कार्यपालिकाको बैठक छार्का ताङसोङ गाउँपालिकाका अध्यक्ष श्री सेनाङ गुरुङ ज्यु को अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

उपस्थितिः

| दस्तखत | नाम थर | पद | ठेगाना | कार्यपालिका |
|---|---|---|---|---|
| | सेनाङ गरुङ | गा. पा. अध्यक्ष | छा. ता. गा. पा. ४ | अध्यक्ष |
| | कर्मा ढुण्डुप गुरुङ | गा. पा. उपाध्यक्ष | छा. ता. गा. पा. १ | सदस्य |
| | धावा लामा गुरुङ | वडा अध्यक्ष (प्रवक्ता) | छा. ता. गा. पा. १ | सदस्य |
| | टसि छोम्वेल गरुङ | वडा अध्यक्ष | छा. ता. गा. पा. २ | सदस्य |
| | वाङजु गुरुङ | वडा अध्यक्ष | छा. ता. गा. पा. ३ | सदस्य |
| | खाम्सुङ रोकाया | वडा अध्यक्ष | छा. ता. गा. पा. ४ | सदस्य |
| | सोनाम साङवो गुरुङ | वडा अध्यक्ष | छा. ता. गा. पा. ५ | सदस्य |
| | कार्मा तेन्जिन गुरुङ | वडा अध्यक्ष | छा. ता. गा. पा. ६ | सदस्य |
| | नेजिङ खाँडु गुरुङ | महिला वडा सदस्य | छा. ता. गा. पा. १ | सदस्य |
| | छोइटोल गुरुङ | महिला वडा सदस्य | छा. ता. गा. पा. ३ | सदस्य |
| | कान्छि बुढा | महिला वडा सदस्य | छा. ता. गा. पा. ४ | सदस्य |
| | धावा साङमु गुरुङ | महिला वडा सदस्य | छा. ता. गा. पा. ५ | सदस्य |
| | युरुङ धर्ति | अल्पसंख्यक सदस्य | छा. ता. गा. पा. ४ | सदस्य |
| | रिक्याल गुरुङ भोटे | अल्पसंख्यक सदस्य | छा. ता. गा. पा. ३ | सदस्य |
| | अमरराज सेजुवाल | प्रमुख प्रशासकीय अधिकृत | | सचिव |

**निर्णय नं. (१)** यस छार्का ताङसोङ गाउँपालिकामा देहायका ऐन, नियम, नीति, कार्यविधी, योजना तथा निर्देशिका स्वीकृति गरी पारितका लागि गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

(१) छार्का ताङसोङ गाउँपालिकाको खानेपानी, सरसफाई र स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८१

(२) छार्का ताङसोङ गाउँपालिकाको सार्वजनिक सुनुवाई कार्यविधी, २०८१

(३) छार्का ताङसोङ गाउँपालिकाको विपद प्रतिकार्य योजना, २०८१

**निर्णय नं. (२)** यस गाउँपालिकामा कार्यरत देहाय बमोजिमका कर्मचारीहरुको करार अवधि २०८१।१०।०१ देखि २०८२ असार मसान्त सम्म नविकरण गर्न आगामी १५औं गाउँ सभा अधिवेशनमा स्वीकृतिका लागि पेश गर्ने निर्णय गरियो ।

(क) सशर्त अनुदान तर्फः

| क्र. सं. | कर्मचारीको नाम, थर | पद | कैफियत |
|---|---|---|---|
| १ | क्रिरण के. सी. | सूचना प्रविधी अधिकृत | ७५% प्रदेश सरकार र २५% गाउँपालिका राजश्व बाँडफाँड |
| २ | कल्पना कुमारी शाही | रोजगार संयोजक | |
| ३ | दिलिप कुमार बुढा | सव-ईन्जिनियर | |
| ४ | बालिसरा बि. क. | अ. न. मी. | |
| ५ | सुनिता ठकुल्ला | अ. न. मी. | |
| ६ | शिवानन्द गिरी | उद्यम विकास संयोजक | |
| ७ | लक्ष्मी कुमारी शाही | उद्यम विकास सहजकर्ता | |
| ८ | पदम बहादुर बुढा | एम.आई.एस.अपरेटर | ६ महिना नेपाल सरकार ६ महिना गाउँपालिका राजश्व बाँडफाँड |
| ९ | नन्द कुमार बोहोरा | फिल्ड सहायक | " |
| १० | शान्ति बुढा | रोजगार सहायक | |
| ११ | भाग्यदेवी रोकाया | पोषण सहजकर्ता | |
| १२ | भुज बहादुर बुढा | एक गाउँ एक पशु प्राविधिक | |

निर्णय प्रमाणित

(ख) राजश्व बाँडफाँड तर्फः

| क्र. सं. | कर्मचारीको नाम, थर | पद | कैफियत |
|---|---|---|---|
| १ | हरि प्रसाद रोकाय | सव-ईन्जिनियर | |
| २ | लैकी गुरुङ | सव-ईन्जिनियर | |
| ३ | तुल बहादुर सार्की | अ. सव-ईन्जिनियर | |
| ४ | हरि शर्मा धरला | कार्यालय सहयोगी | |
| ५ | रुद्र बहादुर भण्डारी | कार्यालय सहयोगी | |
| ६ | खिमलाल लामिछाने | कार्यालय सहयोगी | |
| ७ | लातेन गुरुङ | कार्यालय सहयोगी | |
| ८ | उन्नत बुढाथोकी | कार्यालय सहयोगी | |
| ९ | दल बहादुर रोकाया | कार्यालय सहयोगी | |
| १० | विष्णु चन्द्र धराला | कार्यालय सहयोगी | |
| ११ | पदम बहादुर पुन | डोजर अपरेटर | |
| १२ | आङदेन गुरुङ | डोजर अपरेटर | |
| १३ | पूजना बुढामगर | भ्याक्सिनेटर अ न मी | |
| १४ | मनिषा बुढा | अ.न.मी. | |
| १५ | रत्नादेवी रोकाया | भ्याक्सिनेटर अ हे व | |
| १६ | राजेन्द्र बि. क. | ब्याक हो लोडर अपरेटर | |
| १७ | सुनिता महतारा | अमिन भूमि आयोग | |
| १८ | रेश्मा शाही | कृषि ना. प्रा. स. | |

**निर्णय नं. (३)** यस छार्का ताङसोङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारी अधिकृत छैटौ विष्णु बहादुर के. सी. (कृषि सेवा, ला. पो. डे. डे. समूह) संकेत नं. १६२०९४ ले मेरो नियुक्ति २०५५।१०।२८ मा भई मिति २०७४।०४।०१ देखि यस कार्यालयमा कार्यरत रहेकोमा मेरो व्यक्तिगत स्वास्थ्य अवस्था र उमेर हद समेत ५५ वर्ष पुरा भई अति विकट हिमाली क्षेत्रमा रही सेवा गर्न असमर्थ रहेको कारणले सरुवा सहमति पाउँ भनी दिनु भएको निवेदन अनुसार निजलाई यस कार्यालयबाट निजको माग अनुसारको उपयुक्त स्थानको कार्यालयमा सरुवा भई जान सहमति प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. (४)** सघन शहरी तथा भवन निर्माण आयोजना कार्यालय, जुम्लाबाट चालु आ. व. २०८१।०८२ मा यस छार्का ताङसोङ गाउँपालिका वडा नं. ५ को घर्याङ गाउँमा महिला सामुदायिक भवन निर्माणको लागि बजेट विनियोजन भई आएकोमा उक्त स्थानमा संघीय सरकारबाट समेत सामुदायिक भवन निर्माणका लागि बजेट विनियोजन

निर्णय प्रमाणित

भई कार्य प्रारम्भ समेत भईसकेकोले सघन शहरी तथा भवन निर्माण आयोजना कार्यालय, जुम्लाबाट निर्माण हुने भवन वडा नं. ५ कै तेराङ गाउँमा निर्माण हुन उपयुक्त हुने भनी ५ नं. वडा कार्यालयको वडा भेला सहितको निर्णय प्राप्त हुन आएकोले सघन शहरी तथा भवन निर्माण आयोजना कार्यालय, जुम्लाबाट निर्माण हुने महिला सामुदायिक भवन घर्याङ गाउँको सट्टा तेराङ गाउँमा निर्माण गर्न सिफारीस गर्ने निर्णय गरियो ।

<u>**निर्णय नं. (५)**</u> यस छार्का ताङसोङ गाउँपालिका वडा नं ४ बस्ने नागरिकता नं ५७३०२३।०२ भएका श्री निमा छिरिङ घर्तिको छोरा चन्द्र घर्तिको मिति २०८१।०६।१४ गतेका दिन मृत्यु भएकोले र उक्त व्यक्ति यस छार्का ताङसोङ गाउँपालिका वडा नं ४ अन्तर्गत संचालित कागकोट गाउँको बाटो पि:सि:सि: निर्माण उपभोक्ता समितिको अध्यक्ष समेत भएकोले उक्त उपभोक्ता समितिका अध्यक्षमा निजका बुवा श्री निमा छिरिङ घर्ति र साविकका सचिव र कोषाध्यक्षको संयुक्त नाममा खाता संचालन गर्न राष्ट्रिय वाणिज्य बैंक लिमिटेड छार्का ताङसोङ शाखा लाई अनुरोध गरि पठाउने निर्णय गरियो ।

<u>**निर्णय नं. (६)**</u> यस छार्का ताङसोङ गाउँपालिका वडा नं ४ मा खानेपानीको समस्या भएको कारणले स्पेनका नागरिक **जोसे ले वाटर** ले वाटर लिफ्टिङ्गका सामग्रीहरु सोलार प्यानल, पाईप, पानी तान्ने पम्प र अन्य सामानहरु उपलब्ध गराउनु भएकोले उक्त सामानहरु दुनै देखि कागकोट सम्म गाउँपालिकाले ढुवानी गर्ने निर्णय गरियो ।

<u>**निर्णय नं. (७)**</u> यस छार्का ताङसोङ गाउँपालिकामा एकीकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र, कागकोट; एकीकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र, घेराङ; एकीकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र, ढुकोट र पशुपन्छी सेवा केन्द्र छार्का को स्थापना भई कर्मचारी समेत खटाई संचालनमा आएकोले पशु अस्पताल तथा पशु सेवा कार्यालय दुनै, डोल्पाले लिएको दस्तुर अनुसार यस गाउँपालिकामा समेत देहाय अनुसार पशुपन्छी उपचारको राजश्व दस्तुर कायम गर्न गाउँ सभामा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

(क) घोडा खच्चड र याक प्रति गोटा रु. ५०।-

(ख) भेंडा च्याङ्ग्रा प्रति गोटा रु. १०।-

(ग) कुखुरा हाँस प्रति गोटा रु. ५।-

<u>**निर्णय नं. (८)**</u> संघीय सरकारबाट वित्तिय हस्तान्तरण भई आएको योजना डोल्पा जिल्ला छार्का ताङसोङ गा. पा. वडा नं. २, ३, ४, ५ र ६ पिम्री तुङ्गोर चेन गुम्बा, तेत्याङ गुम्बा, काककोट गुम्बा, मुकोट गुम्बा, घर्याङ गुम्बा, डांडागाउँ, शेरी गुम्बा क्षेत्रमा पूर्वाधार निर्माण कार्य गर्न देहाय बमोजिमको मूल उपभोक्ता समिति गठन गर्ने र अध्यक्ष पेमा छिरिङ रोकाया, सचिव हिसे गुरुङ र कोषाध्यक्ष कार्मा झामा गुरुङको संयुक्त दस्तखतबाट बैंक खाता संचालन गर्न गाउँ सभाबाट पारितको लागि पेश गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित

अध्यक्षः- पेमा छिरिङ रोकाया वडा नं ४

सचिवः- हिसे गुरुङ वडा नं ४

कोषाध्यक्षः- कार्मा झामा गुरुङ वडा नं ४

सदस्यः- नाम्घाङ गुरुङ वडा नं ५

सदस्यः- कार्मा तार्के गुरुङ वडा नं ५

सदस्यः- मेटा तोर्चे गुरुङ वडा नं ६

सदस्यः- सेराप थार्चीन गुरुङ वडा नं २

**निर्णय नं. (९)** यस छार्का ताङसोङ गाउँपालिकाको कागकोट मा रहेको मुकोट स्वास्थ्य चौकीमा भौतिक पूर्वाधार समेत तयार भईसकेकोले उक्त स्वास्थ्य चौकीबाट टेलिमेडिसिन सेवा सुचारु गर्ने निर्णय गरि सभाबाट पारित गर्न पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. (१०)** यस छार्का ताङसोङ गाउँपालिकाको वडा नं. १, २ र ३ लाई सेवा दिने गरी स्थापना भएको छार्का स्वास्थ्य चौकीमा बर्थिङ्ग सेन्टर स्थापना गरि ३ महिना भित्र सञ्चालन गर्ने निर्णय गरियो।

**निर्णय नं. (११)** यस गाउँपालिकाको वडा नं. १ मा रहेको छार्का भोट आधारभूत विद्यालयबाट आधारभूत तह उत्तिर्ण गरी क्रिस्टल माउण्टेन माध्यमिक विद्यालयबाट SEE परीक्षामा सामेल हुने यस गाउँपालिका वडा नं. १ का ५ जना विद्यार्थी र १ जना शिक्षक गरी जम्मा ६ जनालाई उक्त परीक्षा दिन जान आउन तथा परीक्षा दिन लाग्ने समय समेतलाई मध्यनजर गरी खाना, खाजा, यातायात तथा वास व्यवस्थापन समेतका लागि प्रति व्यक्ति रु. २००००। का दरले जम्मा रु. १२०००० (अक्षरुपी एक लाख बीस हजार रुपैयाँ) मात्र उपलब्ध गराउन सभामा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. (१२)** यस छार्का ताङसोङ गाउँपालिका वडा नं. १ मा रहेको श्री छार्का भोट आधारभूत विद्यालयलाई माध्यमिक विद्यालयमा स्तरोन्नति गर्न सम्बन्धित निकायमा आवश्यक पहल गर्ने गरि अनुमति दिने निर्णय गरियो।

**निर्णय नं. (१३)** यस गाउँपालिका क्षेत्र भित्र रहेका विद्यालयहरुलाई पठनपाठन को सहजताका लागि एकता बुक्स प्रकाशनबाट प्रकाशित पाठ्यपुस्तकहरु खरीद गर्न अनुमति दिने निर्णय गरियो।

**निर्णय नं. (१४)** यस छार्का ताङसोङ गाउँपालिकामा आगामी आ. व. ०८२।०८३ मा संचालन गरिने मुख्यमन्त्री रोजगार कार्यक्रम तर्फ देहायका कार्यक्रमहरु स्वीकृतिका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कर्णाली प्रदेश, बीरेन्द्रनगर सुर्खेतमा सिफारीस गरि पठाउने निर्णय गरियो।

(क) वडा नं. १ काइङ सिंचाई कूलो निर्माण

(ख) वडा नं. २ लुङचो देखि सोम्दुक सम्म घोरेटो बाटो निर्माण

(ग) वडा नं. ३ छारचिक्सा देखि तारुङ्गा सम्म घोरेटो बाटो निर्माण

(घ) वडा नं. ४ सामुदायिक भवन (सभा हल) निर्माण

(ङ) वडा नं. ५ तानक खोला देखि तेराङ सम्म मोटर बाटो निर्माण

(च) वडा नं. ६ आधारभूत स्वास्थ्य केन्द्र, मुकोट घेरावार निर्माण

**निर्णय नं. (१५)** डोल्पा जिल्ला शे फोक्सुण्डो गाउँपालिकामा लाग्ने ६७औं १२ वर्षे शेल्ली डुग्ड्रा (शे) मेलामा मुस्ताङ्ग जिल्लाबाट पाल्नुहुने तिर्थ यात्रीहरुको स्वास्थ्य परीक्षण गर्न ५१०० मीटरको उचाईमा रहेको मुलुङ खर्कमा १५ दिन सम्म खटिई अतुलनीय योगदान गर्नुहुने राष्ट्रसेवकहरु अधिकृत छैटौं सि. अ. हे. व. ऐन बहादुर बोहोरा, अ. न. मी. बालिसरा वि. क., र अ. न. मी. मनिषा बुढालाई आगामी हिउँदे अधिवेशन बैठकमा प्रशंसा पत्र सहित प्रति व्यक्ति रु. २००० (अक्षरुपी दुई हजार) रुपैयाँ का दरले सम्मान सहित पुरस्कृत गर्ने निर्णय गरियो।

**निर्णय नं. (१६)** यस गाउँपालिकाको आ. व. २०८०।०८१ को लक्षित वर्ग कार्यक्रम तर्फको ग्याँस चुलो वितरण कार्यक्रम अन्तर्गत यस गाउँपालिका भित्रका सम्पूर्ण लक्षित वर्गहरु आदिवासी जनजाति, जेष्ठ नागरिक, महिला, एकल महिला, बालबालिका लगायत गुम्बा, विद्यालय, कार्यालय, प्रहरी चौकी समेतलाई वितरण गरी सकिएकोले यस अघि दिएको पेश्की फछ्यौंट गरी बाँकी रकम भुक्तानी गर्न गाउँ सभाबाट पारित गर्ने निर्णय गरियो।

**निर्णय नं. (१७)** यस छार्का ताङसोङ गाउँपालिकाको १५औं अधिवेशनबाट टेलिफोन टावर सामग्री ढुवानी वडा नं. २ मा विनियोजित रकम रु. ३००००००।बाट रु १३०००००। टेलिफोन टावर सामग्री ढुवानी वडा नं. ५ र ६ मा विनियोजित रु. ३००००००। बाट रु. ९०००००। विपदजन्य राहत तथा उद्वारबाट रु ४००००००। गरी जम्मा रु. ६२,००,०००।(बैसठ्ठी लाख) देहाय अनुसारका अन्य सार्वजनिक निर्माणका योजनाहरुमा रकमान्तर गर्नेको लागि गाउँ सभामा पेश गर्ने निर्णय गरियो।

(क) मोलादेखि कासाङ सम्म सडक मर्मत वडा नं. १ - रु. ५,००,०००।
(ख) छार्का गुम्बा कार्यक्रम वडा नं. १ - रु. ४,००,०००।
(ग) चिर्थुम देखि मुकोट गाउँ सम्म घोरेटो बाटो मर्मत वडा नं ६ -रु १०,००,०००।
(घ) लाप्चे खेत घेरावार वडा नं. ३ -रु. ६,५०,०००।
(ङ) पुंगा रोड बाटो निर्माण वडा नं. २ - रु १०,००,०००।
(च) सेमिक देखि सिउरा सम्म बाटो निर्माण वडा नं. २ र ३ - रु. १०,००,०००।
(छ) कोकरा खोला नियन्त्रण वडा नं. १ - रु. ६,५०,०००।
(ज) डाङ्गे घाट ट्रस ब्रीज देखि मुस्ताङ सिमाना सम्म सडक मर्मत वडा नं. १ रु. १०,००,०००।

**निर्णय नं. (१८)** आर्थिक बर्ष २०८०।०८१ मा गठित उपभोक्ता समितिहरु मध्येबाट उत्कृष्ट र गुणस्तरिय निर्माण कार्य गर्ने सप्तकोशी आधारभूत विद्यालय घेरावार योजना निर्माण उपभोक्ता समिति छार्का ताङसोङ गाउँपालिका-३, ढाँडगाउँलाई नगद रु ५०००। र सम्मान पत्र सहित गाउँ सभाको १५ औं अधिवेशनबाट सम्मान गर्ने निर्णय गरियो।

प्रमाणित
२०८१।०८।०८
अमरराज रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

छार्का ताङसोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सागकोट, डोल्पा
कर्णाली प्रदेश, नेपाल

**निर्णय नं. (१९)** डोल्पो टुल्कु च्यारिटेवल फाउण्डेसनका अध्यक्ष टुल्कु सेराप साङपो ले कार्यक्रम स्वीकृतिको लागि सिफारिस गरिपाउँ भनी दिनु भएको निवेदन अनुसार देहाय अनुसारको कार्यक्रम संचालन गर्न स्वीकृतिका लागि समाज कल्याण परिषदमा सिफारीस गरि पठाउने निर्णय गरियो ।

| क्र सं | परियोजना | कार्यक्रम क्षेत्र | कार्यक्रम अवधि | दातृ संस्था | आर्थिक श्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | बाह्य | आन्तरिक | कूल लागत |
| १ | डोल्पाका विद्यालयहरुमा अध्ययनरत बिद्यार्थीहरुलाई शैक्षिक सहयोग तथा स्वास्थ्य सेवामा सहयोग परियोजना | श्री सप्तकोशी आधारभूत विद्यालय छार्का ताङसोङ गाउँपालिका वडा नं ३ ढाँडगाउँ | २०८१।०९।०१ देखि २०८३।०८।३० सम्म | Selangor and Kualalumpur Paramita Buddhist Society, Malaysia.Human-Stiftung Germany and Dolpo Tulku e.v., Germany | रु १८००००००।०० | | रु १८००००००।०० |
| | जम्मा: | | | | रु १८००००००।०० | | रु १८००००००।०० |

**निर्णय नं. (२०)** मुकोट स्वास्थ्य चौकी कागकोटमा बर्थिङ सेन्टर समेत रहेकोले औजारहरु निर्मलीकरण गर्नुपर्ने,चिसोमा न्यानो गर्नुपर्ने र गुणस्तरीय सेवा दिनुपर्ने कारणले गर्दा इन्धन, ग्याँस, दाउरा लगायत व्यवस्थापन गर्नको लागि रु. १००००० (एक लाख) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. (२१)** यस गाउँपालिकाका अध्यक्ष ज्यु को सचिवालयमा कामकाज गर्ने कर्मचारीको अभाव भएकोले एक जना कार्यालय सहयोगी करारमा नियुक्ति गर्ने निर्णय गरियो ।

प्रमाणित
२०८१।०८।०८
अमरराज रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

छार्का ताङसोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सागकोट, डोल्पा
कर्णाली प्रदेश, नेपाल